नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## प्रधानमन्त्री रोजगार कार्यक्रम

सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं. ४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http://pmep.gov.np

प.सं. २०७७/७८
च.नं. /pmep/ ४९३

मिति: २०७८/०३/२२

श्री गाउँ कार्यपालिका र नगर कार्यपालिकाको कार्यालय,
गाउँपालिका र नगरपालिका, सबै ।

मार्फत: श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार ।

बिषय: रोजगार संयोजकको कार्यसम्पादन मूल्यांकनका आधार सम्बन्धमा ।

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ४८ को उपदफा (३) बमोजिम अनुसूची (१०) मा आधारित भई स्थानीय तहमा कार्यरत रोजगार संयोजकहरुको कार्यसम्पादन मूल्यांकन गर्नुपर्ने व्यवस्था रहेको छ। साथै यस मन्त्रालयको च.नं.३८५ मिति २०७८/०३/०३ को पत्रमार्फत आ.ब.२०७८/७९ को प्र.म.रो.का.को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको बुँदा नं.२० मा रोजगार संयोजकको कार्यसम्पादन मूल्याकन र सेवा करार म्याद थप सम्बन्धमा तहाँ पत्राचार भएकोमा कार्यसम्पादन मूल्यांकनको लागि साविकको अनुसूचिमा मिति २०७८/०३/१६ को नेपाल सरकार (मा.मन्त्रिस्तर) को निर्णयानुसार संशोधन गरिएकोले यसैसाथ संलग्न विवरणको मापदण्ड भित्र EMIS मा रहेको Web Based Evaluation System मार्फत मूल्यांकन हुने र यसको प्राविधिक तयारी पूरा हुनासाथ प्रक्रियागत विस्तृत विवरण जानकारी गराईने भएकोले तदनुसार कार्यसम्पादन मूल्यांकन गर्ने व्यवस्थाको लागि निर्णयानुसार अनुरोध छ ।

३/२२

(किसान न्यौपाने)

शाखा अधिकृत

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम

अनुसुची १०

(दफा ४८ को उपदफा (३) संग सम्बन्धित)

**रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार सं योजकको कार्य सम्पादन मूल्यांकनका आधार/मापदण्ड**

प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीले देहायको आधारमा मूल्यांकन गर्ने:-

१. प्रधानमन्त्री रोजगार कार्यक्रमको स्वीकृत बार्षिक कार्यक्रमको स्थानीय कार्ययोजना अनुसार भएको आयोजना कार्यान्यनको वित्तीय प्रगतिको प्रतिशतको आधारमा अंक निर्धारण गर्ने । जस्तै, वित्तीय प्रगति जति प्रतिशत भएको छ उक्त प्रतिशतलाई २ दशमल ५ ले भाग गरी अंक दिने । यदि वित्तीय प्रगति ६० प्रतिशत भएको भए २४ अंक दिने ।
   तर तोकिएको प्रक्रिया बमोजिम रोजगार संयोजकले आयोजनाको विवरण माग संकलन गरी कार्यपालिकाका बैठक समक्ष पेश गर्न तयार गरेको भएपनि कार्यपालिकाको बैठकले आयोजना स्वीकृत नगरी आयोजना नै छनौट नभएको अवस्था रहेछ भने उक्त विषय प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित भएको अवस्थामा ३० अंक प्रदान गर्ने । यसका लागि यस सम्वन्धी पत्र EMIS मा नै Upload भएको हुनुपर्ने छ ।(४० अंक)

२. चालु आर्थिक वर्ष र सो भन्दा अघिल्लो आर्थिक वर्षको कार्यक्रमको भौतिक र वित्तीय प्रगति विवरण कार्यक्रमबाट विकास गएको EMIS प्रणालीमा प्रविष्ट भए नभएको यकीन गर्ने । प्रविष्ट भएको प्रत्येक वर्षका लागि ५/५ अंक गरी जम्मा १० अंक दिने ।
   तर तोकिएको प्रक्रिया बमोजिम रोजगार संयोजकले आयोजनाको विवरणको माग संकलन गरी कार्यपालिकाका वैठक समक्ष पेश गर्न तयार गरेको भएपनि कार्यपालिकाको वैठकले आयोजना स्वीकृत नगरी आयोजना नै छनौट नभएको अवस्था रहेछ भने उक्त विषय प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित भएको अवस्थामा उक्त वर्षको लागि २ अंक प्रदान गर्ने । यसका लागि यस सम्वन्धी पत्र EMIS मा नै Upload भएको हुनुपर्ने छ ।(१० अंक)

३. चालु आर्थिक वर्ष र आगामी आर्थिक बर्षको लागि बेरोजगार व्यक्तिहरुको EMIS मा प्रविष्ट गरे नगरेको यकिन गर्ने र प्रविष्ट गरेको हकमा प्रत्येक आर्थिक वर्षका लागि ५/५ अंक प्रदान गर्ने ।
   तर तोकिएको प्रक्रिया बमोजिम रोजगार संयोजकले बेरोजगार व्यक्तिको विवरण संकलन गरी कार्यपालिकाका वैठक समक्ष पेश गर्न तयार गरेको भएपनि कार्यपालिकाको वैठकले बेरोजगार व्यक्ति सूचीकरण नगरिदिएको अवस्था रहेछ भने उक्त विषय प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित भएको भए उक्त आर्थिक वर्षका लागि २ अंक प्रदान गर्ने ।(१० अंक)

४. स्थानीय तहलाई जानकारी नगराई सात दिन भन्दा वढि अनुपस्थित रहेमा ० अंक र रुजु हाजिर भएमा १० अंक प्रदान गर्ने ।(१० अंक)

५. सूचीकृत बेरोजगार व्यक्ति मध्ये रोजगारी प्राप्त सबैको बैंक खाता खोलेमा ५ अंक दिने (५ अंक)

६. काममा खटिएका बेरोजगार व्यक्ति सबैको पारिश्रमिक वापतको रकम बैंक खातामा भुक्तानी भएकोमा ५ अंक दिने । (५ अंक)

७. रोजगार संयोजकको श्रृजनशीलता, काम प्रतिको लगनशीलता, रोजगार सेवा केन्द्रको व्यवस्थापकीय कौशलता, प्रतिवेदन प्रणाली र काम प्रतिको इमान्दारिता प्रत्येकमा २/२ अंकका दरले वढिमा १० अंक दिने ।(१० अंक)

८. तल उल्लिखित तालिकामा दिए अनुसार कार्यसम्पादन कैफियतमा उल्लेख भए बमोजिम बढिमा १० अंक प्रदान गर्ने । (१० अंक)

| सि.नं. | कार्य सम्पादन विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| क | गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र रहेका बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन तथा विश्लेषण गरी बेरोजगार व्यक्तिको सूची अद्यावधिक राख्ने कार्य | | | भएकोमा ०.७७ नभएमा ० अंक दिने |
| ख | सूचीकृत बेरोजगार व्यक्तिहरुलाई लाभग्राही परिचयपत्र वितरण गर्ने कार्य | | | भएकोमा ०.७७ नभएमा ० अंक दिने |
| ग | गाउँ वा नगरपालिका क्षेत्रभित्रको संभाव्य रोजगारीको स्थिति विश्लेषण गरी रोजगारीको तथ्याङ्क संकलन गर्ने, रोजगार नक्शांकन (Employment Mapping) गर्ने तथा रोजगारीका अवसरहरुको अभिलेखांकन गर्ने कार्य | | | भएकोमा ०.७७ नभएमा ० अंक दिने |
| घ | विभिन्न रोजगार आयोजनाहरुबाट माग भए बमोजिम सूचीकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारीका लागि खटाउने कार्य । माग नै नभएमा पूरा अंक दिने | | | भएकोमा ०.७७ नभएमा ० अंक दिने |
| ङ | गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गर्ने गरिएको | | | भएकोमा ०.७७ नभएमा ० अंक दिने |
| च | रोजगारदाताका लागि श्रमिकको उपलब्धताको सम्भाव्यता जानकारी गराउने तथा माग भई आएको अवस्थामा रोजगारदातालाई बेरोजगार व्यक्तिको सूचीबाट श्रमिक उपलब्ध गराउने गरिएको | | | भएकोमा ०.७७ नभएमा ० अंक दिने |
| छ | बेरोजगार व्यक्तिहरुको ज्ञान, सीप तथा क्षमता र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम केन्द्रमा सिफारिस गर्ने गरिएको | | | भएकोमा ०.७७ नभएमा ० अंक दिने |
| ज | रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरु मध्ये न्यूनतम रोजगारी प्राप्त गर्ने, रोजगारमूलक तथा सीपमूलक तालीम प्राप्त गर्ने, निजी क्षेत्रको रोजगारीमा सहभागि हुने तथा स्वरोजगार हुने व्यक्तिहरुको विवरण अद्यावधिक गर्ने गरिएको | | | भएकोमा ०.७७ नभएमा ० अंक दिने |
| झ | आफ्ना कामकारवाहीको बारेमा नियमित रुपमा सम्बन्धित गाउँ वा नगर कार्यपालिकामा प्रतिवेदन गर्ने कार्य गरेको | | | भएकोमा ०.७७ नभएमा ० अंक दिने |

| | | | | |
|---|---|---|---|---|
| ञ | प्रधानमन्त्री रोजगार कार्यक्रम र रोजगारी सम्बद्ध अन्य विषयमा मन्त्रालयमा र प्रदेशको सम्बन्धित मन्त्रालयमा रोजगार व्यवस्थापन सूचना प्रणालीमार्फत नियमित प्रतिवेदन गर्ने गर्ने कार्य भएको | | | भएकोमा ०.७७ नभएमा ० अंक दिने |
| ट | स्थानीय तहभित्रको वैदेशिक रोजगारीमा जाने तथा जान चाहनेहरुका लागि सूचना तथा परामर्श सेवा प्रदान गर्ने कार्य | | | भएकोमा ०.७७ नभएमा ० अंक दिने |
| ठ | वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट उपलब्ध गराइने आर्थिक सहायता वितरण सम्बन्धी कार्यमा सहयोग पुर्‍याउने कार्य | | | भएकोमा ०.७७ नभएमा ० अंक दिने |
| ड | आन्तरिक रोजगारी प्रवद्र्धन गर्नमा संलग्न सार्वजनिक क्षेत्रभित्रका सरोकारवालाहरुलाई अन्य सेवा प्रदान गर्ने कार्य | | | भएकोमा ०.७६ नभएमा ० अंक दिने |
| प्रातांक | | | | |
| कूल प्राप्तांक | | | | |

तोकिएको आधारमा मूल्यांकन गरी कूल प्रातांक निर्धारण गर्ने । यसरी प्राप्त भएको मूल्यांकन नतिजा सहित निजको करार संझौता थप गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमको पूर्व सहमतिका लागि लेखी पठाउने र मन्त्रालयबाट प्राप्त लिखित निर्देशन बमोजिम म्याद थप गर्ने वा शर्त सहित म्याद थप गर्ने वा तोकिएको अवधिका लागि मात्र म्याद थप गर्ने वा म्याद थप नगर्ने भन्ने प्राप्त निर्देशन बमोजिम स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले सोको कार्यान्वयन गर्ने ।

ग) म्याद थपका लागि आधारहरुः

१. ६० प्रतिशत वा सोभन्दा बढि अंक प्राप्त गर्नेको हकमा एक वर्ष म्याद (असार मसान्तसम्म) थप गर्ने,

२. ४० देखि ५९ प्रतिशतसम्म अंक प्राप्त गर्नेको हकमा कार्ययोजन पेश गर्न लगाई छ महिनाको प्रगतिको आधारमा प्रगति सन्तोषजनक देखिएमा छ।छ महिनाका दरले म्याद थप गर्दै जाने

३. ३० देखि ३९ प्रतिशत अंक प्राप्त गर्नेको हकमा स्पष्टीकरण सोधी प्राप्त स्पष्टीकरण औचित्यपूर्ण देखिएमा माथि (ग)(२) बमोजिम गर्ने ।

४. ३० प्रतिशतभन्दा कम अंक प्राप्त गर्नेको हकमा म्याद थप नगर्ने ।